भरतपुर उप-महानगरपालिका कार्यालय
भरतपुर, चितवन, नेपाल, स्था. २०३५
BHARATPUR SUB-METROPOLITAN CITY OFFICE
Bharatpur, Chitwan, Nepal, Estd. 1979

प.सं.०७२/०७३/ प्र.शा.

च.नं. २१२०२

मिति :२०७३/०१/०९

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(नगरपालिका व्यवस्था शाखा)
सिंहदरवार,काठमाण्डौ ।

विषय : वोर्ड वैठकको निर्णय पठाईएको ।

यस भरतपुर उप-महानगरपालिकाको मिति २०७२/१२/२६,२८,२९,२०७३/१/५,६,७,८ र ०९ गते बसेको वोर्ड वैठकबाट पारित निर्णयको छायाँप्रति पना १० (दश ) को थान १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।

**वोधार्थ :**

श्री सुचना शाखा,
भ.उ.म.न.पा.कार्यालय (उक्त निर्णय न.पा. को वेभ साइडमा राख्नु हुन) ।

..............................
टिकाराम कंडेल
बरिष्ठ प्रशासकीय अधिकृत

बरिष्ठ प्रशासकीय अधिकृत



Scanned by CamScanner

आजमिति २०७४ साल चैत्र २६ गते बिहान ८:०० बजे शुक्रवार का दिन यस भरतपुर उ महानगर पालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेन्द्र बरालज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेन्द्र बराल

आमन्त्रित

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कंडेल

इन्जिनियर श्री कृष्ण बहादुर मल्ल ठकुरी

ना.सु. श्री तेजराज रकनाल

निर्णय नं १

यस भरतपुर उप-महानगरपालिकाको वडा नं.१ नारायणगढ दियालो मार्गमा अत्यधिक यातयातको चापले गर्दा सडक पिच खाल्डा खुल्डि पर्न गई यातयात संन्चालन गर्न समेत कठिनाई भएको र उक्त जिर्ण बाटो मर्मत नगर्दा बाटो अबरोध हुन सक्ने देखिएकोले सो कार्य को लागत अनुमान जम्मा रू.४,९२,९०६:३७ **(चार लाख बयानब्बे हजार नौ सय छ रूपैंया पैसा सईतिस मात्र )** भएकोले सो कार्य कोटेशनबाट मर्मत गर्ने गरी स्वीकृत गर्ने निर्णय गरीयो।

Scanned by CamScanner

आज मिति २०७४ साल चैत्र २८ गते आइतबारका दिन बिहान ८:० बजे यस भरतपुर उप-महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल ज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

कानुन अधिकृत श्री रत्नेश्वर अधिकारी

इन्जिनियर श्री कृष्ण बहादुर मल्ल ठकुरी

ना.सु. श्री तेजराज रेग्मी

निर्णय नं १

यस भरतपुर उप-महानगरपालिकाको वडा नं.१ नारायणगढ बसपार्कको क्षेत्र भित्र अत्यधिक यातयातको चापले गर्दा सडक पिच, खाल्डा खुल्डि पर्न गई यातयात सञ्चालन गर्न समेत कठिनाई भएकोले, उक्त पिच मर्मत गर्न अत्यन्त जरूरी देखिएको र बसपार्क सचालनको सम्झौतामा समेत सडक र बसपार्क मर्मतको विषय समेटिएकोहुनाले सो कार्य का लागत अनुमान जम्मा रू.४,९६,६२५.१८ (**चार लाख छयानब्बे हजार छ सय पच्चीस रूपैया पैसा अठार मात्र** ) भएकोले सो कार्य कोटेशनबाट मर्मत गर्न गरी स्वीकृत गर्न निर्णय गरीयो।

कार्यकारी अधिकृत

Scanned by CamScanner

भरतपुर उप-महानगरपालिकाको कार्यालय
भरतपुर, चितवन

आज मिति २०६८ साल चैत्र २६ गते सोमबारका दिन बिहान ९:०० बजे बसेको भरतपुर उ. महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

वरिष्ठ इन्जिनियर श्री भरतकुमार आचार्य

कानुन अधिकृत श्री खगेश्वर अधिकारी

इन्जिनियर श्री कृष्ण बहादुर मल्ल ठकुरी

ना.सु. श्री तेजराज खनाल

श्री सुरजराज पौडेल

निर्णय नं १

भरतपुर उप-महानगरपालिका वडा नं ९ जयनेपाल चोक बाट उत्तर तर्फको सडक मर्मत (सबबेस निर्माण) कार्यको लागि लागत अनुमान रु. ४,८५,४७६।४१ अक्षरुपी चार लाख पचासी हजार चार सय छयहत्तर पैसा एकचालीस मात्र आ.व. ०६८।०६९ को मर्मत सम्भार कोष बाट खर्च हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं २

वातावरण मैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत घर भान्सा बाट निस्कने फोहरलाई स्रोतमै कम गर्नको लागि घरि घराउमा प्रस्ताव पेश गर्ने किशाल सप्लायर्स, भ.उ.म.न.पा. वडा नं ७ को प्रति सेट रु. ४,५२०।– अक्षरुपी चार हजार पाँच सय बीस मात्र (मूल्य अभिवृद्धि कर सहित) को प्रस्ताव स्वीकृत गरी कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं ३.

वातावरण मैत्री स्थानीय शासन कार्यक्रम प्रारुप २०६० मा उल्लेख भएको टोल तहको आधारभूत तथा विकसित सूचकहरूको तथ्याङ्क संकलनको लागि सबै भन्दा घटी रकम कबोल गर्ने भ.उ.म.न.पा. वडा नं १० स्टील फोर स्टार युवा क्लबको प्रस्ताव रु. ४,१२,०००।– अक्षरुपी चार लाख बाह्र हजार मात्र (मूल्य अभिवृद्धि कर बाहेक) को स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

कार्यकारी अधिकृत

Scanned by CamScanner

आज मिति २०७२ साल चैत्र २५ गते सोमबारका दिन बेलुका ५.१० बजे यस भरतपुर उप-महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालज्युको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

वरिष्ठ इन्जिनियर श्री भरत कुमार आचार्य

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कडेल

इन्जिनियर श्री कृष्णबहादुर मल्ल ठकुरी

इन्जिनियर श्री सूर्यप्रकास लामा

ना सु श्री तेजराज खनाल

निर्णय नं १.

यस भरतपुर उपमहानगरपालिका वडा न. १६ र १७ मा Roadshow Real State Pvt. Ltd ले साबिक मगलपुर ५/क ,५/ख र ६/क सलग्न जग्गाधनी दर्ता प्रमाण पूर्जा निम्नानुसारका कित्ताहरु एकीकरण गरि तयार गरिएको Re-Plotting Master Plan भरतपुर उप-महानगरपालिकाबाट स्विकृत वस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ बमोजिम भएकोले सम्बन्धीत मालपोत कार्यालय र नापी कार्यालय भरतपुर चितवन लाई लगत कट्टाको लागि आवश्यक पर्ने Planning Permit उपलब्ध गरि दिन भरतपुर नगर बिकास समिति लाई सिफारिस गर्ने निर्णय गरियो।

| सि. नं. | साविक गा. वि. स. वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|
| १ | मंगलपुर ५/क | २११ | ०-१-१८-० |
| २ | मंगलपुर ५/क | २१२ | ०-१-१७-० |
| ३ | मंगलपुर ५/क | ३१० | ०-१२-६-० |
| ४ | मंगलपुर ५/क | ३०९ | ०-१-३-० |
| ५ | मंगलपुर ५/क | ३४६ | ०-१-०-० |
| ६ | मगलपुर ५/क | ३४७ | ०-१२-८-० |
| ७ | मगलपुर ५/ख | ७४ | ०-१-१०-० |
| ८ | मगलपुर ५/ख | ६८ | ०-१६-१५-० |
| ९ | मंगलपुर ५/ख | ७९ | ०-१५-१३-० |
| १० | मंगलपुर ५/ख | ८० | ०-१५-३-० |
| ११ | मगलपुर ५/ख | ९९ | ०-८-१९-०.५ |
| १२ | मगलपुर ५/ख | १६९ | ०-७-३-० |
| १३ | मंगलपुर ५/ख | १७० | ०-७-०-० |
| १४ | मंगलपुर ५/ख | २१० | ०-३-०-० |
| १५ | मंगलपुर ५/ख | २११ | ०-१-८-० |
| १६ | मंगलपुर ५/ख | २१४ | ०-३-०-० |
| १७ | मंगलपुर ५/ख | २२४ | ०-३-०-० |
| १८ | मंगलपुर ५/ख | २४४ | ०-१०-०-० |
| १९ | मंगलपुर ५/ख | ७१ | ०-०-१८-० |
| २० | मगलपुर ५/ख | ७५ | ०-१-८-० |
| २१ | मगलपुर ५/ख | १७२ | ०-१-१९-० |
| २२ | मगलपुर ५/ख | २०९ | ०-२-१३-० |
| २३ | मंगलपुर ५/ख | २६८ | ०-२-०-० |
| २४ | मगलपुर ५/ख | ३०६ | ०-२-०-० |
| २५ | मंगलपुर ५/ख | १२३ | ०-५-०-० |
| २६ | मंगलपुर ५/ख | १२४ | ०-३-३-० |
| २७ | मंगलपुर ५/ख | २२५ | ०-४-११-० |

कार्यकारी अधिकृत

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| २८ | मंगलपुर ५/ख | २२८ | ०-६-०-० |
| २९ | मंगलपुर ५/ख | ३०७ | ०-११-१३-० |
| ३० | मंगलपुर ५/ख | ३०८ | ०-३-६.५-० |
| ३१ | मंगलपुर ५/ख | ३०९ | ०-१-१०.५-० |
| ३२ | मंगलपुर ५/ख | ३१० | ०-३-३-० |
| ३३ | मंगलपुर ५/ख | ३४२ | ०-२-१०-० |
| ३४ | मंगलपुर ५/ख | ३४३ | ०-६-११.७५-० |
| ३५ | मंगलपुर ५/ख | २४५ | ०-७-१३-० |
| ३६ | मंगलपुर ६/क | २३२४ | ०-०-११-० |
| ३७ | मंगलपुर ६/क | २३०६ | ०-०-१६.५-० |
| ३८ | मंगलपुर ६/क | ४९५ | ०-२-९-० |
| ३९ | मंगलपुर ६/क | ४९६ | ०-५-०-० |
| ४० | मंगलपुर ६/क | १४१४ | १-२-१७-० |
| ४१ | मंगलपुर ६/क | ४९४ | ०-४-०-० |
| ४२ | मंगलपुर ६/क | ३५७१ | ३५०.६७ व.मी. |
| ४३ | मंगलपुर ६/क | ३५७३ | १९९.५६ व.मी |

Reploting नक्सा वमोजिम निम्न विवरण समेत स्वीकृत गर्ने निर्णय गरियो।

सडकको क्षेत्रफल =१६८१९.९९ व.मी.

खुल्ला क्षेत्रको क्षेत्रफल=२११३.७२ व.मी.

घडेरी जग्गाको क्षेत्रफल=६५२२४.०७ व.मी.

निर्णय नं. २

भरतपुर उपमहानगरपालिका कार्यालय हाताभित्र नक्सा उपशाखाको फाईल व्यवस्थापनका लागि गोदाम घर निर्माण कार्यका लागि रु. १९,५३,४५९/३३ को लागत अनुमान स्वीकृत गरि टेण्डर प्रकृया बाट निर्माण कार्य गराउने निर्णय गरियो ।

०६९।१२।२३

कार्यकारी अधिकृत

आज मिति २०७३ साल वैसाख ६ गते आइतवारका दिन बिहानको ६.०० बजे यस भरतपुर उप-महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल ज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

वरिष्ठ प्रशासकिय अधिकृत श्री टीकाराम कडेल

आ.ले.प. अधिकृत श्री तुलसी प्रसाद ओझा

ना.सु. श्री तेजराज खनाल

निर्णय नं १

यस भरतपुर उप-महानगरपालिकालाई अन्तर्राष्ट्रिय मञ्चहरुमा स्थापित गराउने तथा यसको गरिमा वृद्धिमा टेवा पुर्याउने उद्देश्यले अन्तर्राष्ट्रिय स्तरमा पहिलो सम्बन्ध स्थापित गर्ने प्रयास स्वरुप China मा रहेको Geermu City, Haixi ~~Prefecture~~ prefecture, Qinghai Province, PR China संग Sister City Relationship कायम गर्ने सन्दर्भमा प्रारम्भिक चरणको वार्ता तथा प्रकृया आरम्भ गर्ने र यस प्रयोजनको लागी स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६३ बमोजिम श्री संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय संग सहमती माग गर्ने निर्णय गरियो ।

०७३।१।६

कार्यकारी अधिकृत

भरतपुर, चितवन
२०३४

आज मिति २०७३ साल वैसाख ६ गते सोमबारका दिन बिहान ८/१० बजे यस भरतपुर उप-महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कँडेल
इन्जिनियर श्री कृष्ण बहादुर मल्ल ठकुरी
ले.प. श्री तेजराज खनाल

निर्णय नं १

यस भरतपुर उप-महानगरपालिका वडा नं १० स्थीत विरेन्द्र बहुमुखी क्याम्पस भित्र प्रवेश गर्ने सडक मर्मत गर्नका लागि लागत अनुमान रु ४,९६,२९३।३२ अक्षरुपी चार लाख छयानब्बे हजार दुई सय त्रियानब्बे पैसा बत्तीस मात्र साना तथा मौलिक पूर्वाधार शिर्षक बाट खर्च हुने गरी उक्त कार्य गर्न स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं २

पदपूर्ति समितिको मिति २०७२।१२।१५ गतेको निर्णय तथा सिफारीस अनुसार यस कार्यालयमा कार्यरत है. स. चालक र कार्यालय सहयोगी श्रेणी विहिन तपसील बमोजिमका कर्मचारीहरुको स्थानिय स्वायत्त शासन ऐन, २०५५ स्थानीय स्वायत्त शासन नियमावली २०५६ (संशोधन सहित) को नियम २२५ (ग) बमोजिम देहाय अनुसार स्तर वृद्धि गर्न यस भरतपुर उप-महानगरपालिका बोर्ड समक्ष सिफारीस भएकोमा निजहरुलाई मिति २०७३।१।१ गते देखि लागु हुने गरी देहाय बमोजिम स्तर वृद्धि गर्ने निर्णय गरियो ।

तपसील

| क्र.सं. | नामथर | पद | शुरु नियुक्ति मिति | हाल कायम स्तर | वृद्धि हुने स्तर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | तुलसीराम कँडेल | है. स. चालक | २०५२।११।२१ | चौंथो स्तर | पाँचौं स्तर | |
| २ | चिरन्जीवी आचार्य | है. स. चालक | २०५२।११।२१ | चौंथो स्तर | पाँचौं स्तर | |
| ३. | राम प्रसाद आचार्य | कार्यालय सहयोगी | २०५२।११।२३ | चौंथो स्तर | पाँचौं स्तर | |

०७३।१।६

कार्यकारी अधिकृत

Scanned by CamScanner

भरतपुर, चितवन

आज मिति २०६३ साल वैशाख ६ गते मंगलबारका दिन बिहान ९.०० बजे यस भरतपुर उप-महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल ज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कँडेल

इन्जिनियर श्री किरात घिमिरे

ना.सु. श्री सुरज राज पौडेल

ना.सु. श्री तेजराज खनाल

निर्णय नं. १

यस भरतपुर उप-महानगरपालिका कार्यालयको आ.व. ०६२।०६३ को दोस्रो चौमासिकमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन उपर छलफल गरियो साथै सो प्रतिवेदनले औंल्याएका सुझावहरूलाई कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

६३।१।६

कार्यकारी अधिकृत

भरतपुर उप-महानगरपालिका ... भरतपुर, चितवन

आज मिति २०७३ साल वैसाख ८ गते बुधवार का दिन बिहान ९:०० बजे यस भरतपुर उप महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालज्युको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कंडेल

इन्जिनियर श्री किरण घिमिरे

ना.सु. श्री सुरज राज पौडेल

ना.सु. श्री तेजराज खनाल

निर्णय नं. १

यस भरतपुर उप-महानगरपालिका कार्यालयबाट फोहर मैला व्यवस्थापनको लागी - कम्प्याक्टर गाडी खरिद गर्ने कार्यको लागी प्रकासीत सुचना अनुसार पर्न आएका सिल बन्दी प्रस्तावहरु मुल्याङ्कनको लागि स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम २२४ को प्रयोजनको लागि र सार्वजनीक खरिद ऐन, २०६३ ऐ.ऐ. नियमावली, २०६४ को नियम १९८ बमोजिम देहाय अनुसारको छुट्टै मुल्याङ्कन समीति गठन गर्ने निर्णय गरियो,

संयोजक- श्री किरण घिमिरे (इन्जिनियर वातावरण शाखा प्रमुख)

सदस्य- आ.प्र. शाखा प्रमुख श्री सिता अधिकारी

सदस्य- विषय विशेषज्ञ मेकानिकल इन्जिनियर श्री गोपीनाथ खरेल

सदस्य - कानुन अधिकृत श्री खगेश्वर अधिकारी

सदस्य-सचिव खरिद इकाइको कार्य गर्न तोकिएको जिन्सी प्रमुख श्री नारायण प्रसाद भण्डारी

प्रशासकीय कार्य गर्ने सहयोगी कर्मचारी श्री सुरज राज पौडेल

कार्यकारी अधिकृत

Scanned by CamScanner

भरतपुर उप महानगरपालिका, भरतपुर, चितवन

आज मिति २०६३ साल वैशाख ६ गते बिहिवारका दिन बिहान ९.१० बजे यस भरतपुर उप-महानगर पालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीका राम कडेल

ना सु श्री तेजराज खनाल

निर्णय नं १

यस कार्यालयमा मिति २०४३।५।२३ गते देखि स्थायी नियुक्ती लिई हाल सम्म अविछिन्न रुपमा कार्यरत रहँदै आउनु भएका मेकानिकल इन्जिनियर श्री विजयराज पौड्यालले मिति २०६२।८।२८ गते बसेको नगरपरिषद्‌बाट पारित निर्णय नं ४६ बमोजिम Golden Handshake को सुविधा लिई मिति २०६३।१।२३ गते देखि लागु हुने गरी स्वेच्छीक अवकासमा जानको लागि पेश गर्नु भएको राजिनामा स्वीकृत गर्ने निर्णय गरियो ।

कमवार

कार्यकारी अधिकृत